म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८६ | मंगलबार २२ कात्तिक २०७९ | ने. सं. ११४३ कछलाथ्व | 8 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कांग्रेस बागमती प्रदेश सभापति बानियाँको चुनावी गीत सार्वजनिक

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् मकवानपुर क्षेत्र नम्बर २ (ख) का उम्मेदवार ईन्द्रबहादुर बानियाँको चुनावी गीत सार्वजनिक भएको छ ।

सोमबार बानियाँको 'आए आए हजुर हाम्रा ईन्द्र बानियाँ' बोलको चुनावी गीत उनकै आधिकारिक युट्युव च्यानलबाट सार्वजनिक गरिएको हो । मकवानपुरे साहित्यकार केशव समर्पणको रचना रहेको गीतमा विमलराज क्षेत्री र सरु थापाको स्वर रहेको छ । समूह गायन स्मृति शाही, पुष्पा बोहरा, विपिन घिमिरे र पवन विकेको रहेको गीतमा योगेश काजीले संगीत संयोजन र लोकराज अधिकारीले सम्पदान गरेका छन् । गीतको भिडियो संयोजन बिनोद चौलागाईंले गरेका छन् ।

# चुनावी आश्वासनमा मात्रै सीमित जनताका आवश्यकता

साझाकुरा संवाददाता

हेटौंडा/ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ । निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवारहरुको दौडधुप पनि बढेको छ ।

निर्वाचनको सरगर्मीले कात्तिकको चिसोमा पनि देश तातेको छ । पाँच वर्षपछि हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले गाउँ-घर लाई पनि छपक्कै छोएको छ । गाउँ-गाउँमा यतिबेला आश्वासन लिएर मत माग्न जाने उम्मेदवारहरुको भीड नै लागेको छ । भोट माग्न जाने अधिकांश नेताहरुले आफ्नो केहि आश्वासन र एजैण्डा त बोकेकै छन् । तर, उनीहरुले बोकेका एजेण्डा र जनताको आवश्यकता एउटै छन् त ? उम्मेदवारहरुले सोच्न जरुरी छ ।

मकवानपुरको सम्पूर्ण दल तथा स्वतन्त्र उम्मेदवारहरुले जिल्लाको विकास गर्ने योजनासहितका घोषणापत्रहरु सार्वजनिक गरिरहेका छन् । बाटोघाटो र अन्य कुरालाई विकासको प्राथमिकतामा राखेका उनीहरुले स्थानीय बासिन्दाको खानेपानीकै समस्यालाई समेट्न सकेका छैनन् । बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा मकवानपुरको निर्वाचन क्षेत्र नम्वर १ मा धेरै र २ नम्वर क्षेत्रमा थोरै भाग पर्छ । तर, दुवै क्षेत्रमा पर्ने हेटौंडाको बजार भेगकै स्थानीय बासिन्दाहरु अहिलेसम्म खानेपानीकै लागि काकाकुल हुनु परिरहेको छ । हेटौंडा १, १५, १६, ३, ११ र १९ नम्वर वडाका बासिन्दाहरु खानेपानीको समस्यासँग जुधिरहेका छन् । उनीहरुको उक्त समस्या समाधान गर्ने गरी कुनैपनि उम्मेदवारले एजेण्डा नबनाएको स्थानीयबासीको गुनासो छ ।

बागमती प्रदेशको राजधानी हेटौंडा बजारको पश्चिमतर्फ राप्तीपुल छ । सोही पुलबाट सुरु हुने हेटौंडा-११ को सिमलटार टोल, जुन हेटौंडा बजारबाट डेढ किलोमिटर मात्रैको दूरीमा पर्छ । विशेष गरी सुकुम्वासी बस्तीहरू धेरै रहेको यहाँ बस्ती बसेको तीन दशकभन्दा धेरै समय भइसकेको छ । प्रदेशको राजधानीमै रहेको यस टोलका ५ हजार भन्दा धेरै घरधुरीका नागरिकहरूले अहिलेसम्म खानेपानीको पाइपमा आएको पानी पिउन पाएका छैनन् ।

यसअघिका धेरै निर्वाचनमा खानेपानीको धारो ल्याइदिन्छु भनेर आश्वासन दिनेहरूको अहिले पनि सोही आश्वासन बोकेर बस्ती पुग्न थालेका छन् । 'नेताले पाइपमा खानेपानी आउँछ भन्ने गरेको पनि धेरै भइसक्यो । खै अहिलेसम्म खानेपानी आउने सुरसार नै छैन', ५५ वर्षीय स्थानीय कान्छीमाया श्रेष्ठले भनिन् । सिमलटार, तल्लो थानाभञ्याङ, माथिल्लो थानाभञ्याङ, गोल्पिङटार र सागरपथ गरी पाँच वटा टोल विकास संस्थाका नागरिकहरूले समस्या भोगिरहेका छन् । ४० देखि




५० फिट तलबाट तानेको पानी ट्युब-वेल धाराको सहारामा गुजारा चलाइरहेका छन् । कपडा धुन, भाडा माझ्नदेखि पिउनको लागि पनि ट्युब-वेलको पानीकै सहारा लिन परिरहेको छ ।

हेटौंडा उपमहानगर पालिकाले खानेपानी व्यवस्थापन बोर्डसँगको साझेदारीमा हेटौंडाका नागरिकहरूलाई वार्षिक १० हजार लिटर खानेपानी सित्तैमा उपलब्ध गराउने निर्णय गरेकोमा पानीको धारोसमेत पुर्‍याउन नसकेकोप्रति भने उपमहानगरपालिकाको ध्यान पुग्न नसकेको गुनासो बढ्दो छ । पाँच वटा टोल विकास संस्था रहेको यहाँका नागरिकहरू चुनाव आएसँगै उम्मेदवारहरूसँग खानेपानीको अपेक्षा सुनाउने गरेका छन् । तर, गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा पनि खानेपानीको धारोको माग राखेका यहाँका स्थानीय अहिले पनि ट्युब-वेलकै पानीले आफ्नो जीविका चलाउन बाध्य छन् ।

हेटौंडा उपमहानगर पालिका-१९ बस्तीपुरको भित्री भागका बासिन्दा खानेपानी लिन अझै घण्टौं हिँड्नुपर्ने बाध्यतामा छन् । उक्त वडाको डुमारे, लेकपानी, कालिटार र भालुखोलाका बासिन्दाहरु खानेपानी लिन दैनिक घण्टौं हिँड्ने गरेका हुन् । वडाका केही क्षेत्रमा पानी पुगे पनि अधिकांश स्थानका बासिन्दाको पहुँच पानीमा समेत नपुगेको र कतिपय पानी पुगेको ठाउँमा पनि दूषित भएको स्थानीयको भनाइ छ । बासुदेवका बासिन्दा बर्षामा घण्टौं हिँडेर पानी लिन जानुपर्ने बाध्यता रहेको गुनासो गर्छन् । हिउँदमा कुवा र खोल्चीको पानी आउने भएपनि लेउ र चुन मिसिएको पानी खानुपर्ने बाध्यता रहेको त्यहाँका बासिन्दाको भनाइ छ । बासुदेवकी स्थानीय हिरामाया प्रजा गाउँमा भोट माग्न आउनेले खानेपानी नल्याएको गुनासो गर्छिन् । उनको अनुसार स्थानीय चुनावमा खानेपानी ल्याउने आश्वासन बोकेर उम्मेदवारहरु घरदैलोमा पुगेका थिए । तर, यो निर्वाचनमा उम्मेदवारहरुले त्यहि आश्वासन पनि नबोकेको उनी सुनाउँछिन् । 'भोट माग्न आउदा अरु नै केके विकास गर्छौं भन्नुहुन्छ । हामिलाई चाहिने खानेपानी ल्याइदिए पो हुनु', उनले भनिन् । हिउँदमा जेनतेन डाँडामा रहेको कुवाबाट तानिएको पानी घरसम्म आउने गरेको बताइन् ।

चुन भएको नुनिलो दूषित पानी भएपनि खाने गरेको उनको भनाइ छ । तर, वर्षामा पानीको भेल पसेपछि पानी खानलायक हुँदैन । त्यसैले वर्षा याममा हिँडेर पानी लिन उकालो लाग्नुपर्ने बाध्यता रहेको प्रजा सुनाउँछिन् । चुन मिसिएको दूषित पानी पिउनाले गाउँका धेरै जनामा टीबी, पत्थरी तथा झाडापखालाको समस्यासमेत देखिएको उनको बुझाइ छ ।

## सहकारीको माध्यमबाट महिला सशक्तीकरणको अभियन्ता 'डीना'

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरमा महिला सशक्तिकरणको लागि हालसम्म धेरै अभियानहरु सञ्चालन भए । मकवानपुरमा सामाजिक र आर्थिकरुपमा महिलाहरुलाई सशक्त बनाउने सञ्चालन भएकी विभिन्न अभियानको अभियान्ताको रुपमा महालक्ष्मी उपाध्याय 'डीना'लाई चिनिन्छ ।



विद्यार्थी र महिलाको क्षेत्रमा महत्वपूर्ण नेतृत्वदायी भूमिका खेलेकी उनले नेपालको संविधान निर्माणमा पनि उतिकै योगदान दिएकी डीनाले मकवानपुरमा महिला सशक्तीकरणको अभियानलाई सशक्तरुपमा सञ्चालन गरेकी थिइन् । लामो समयपछि २०७२ मा जारी भएको नेपालको संविधानमा महिला, आदिवासी, जनजाती तथा दलितको हक अधिकार सुनिश्चित गर्न उनले महत्वपूर्ण भूमिका निर्वाह गरेकि छन् ।

२०३९ सालबाट राजनीति सुरु गरेकी डीना मकवानपुरमा महिलाहरुको सशक्तीकरणको अभियान सञ्चालन गरेकी अभियन्ता हुन् । उनले मकवानपुरमा पहिलोपटक निरक्षर महिलाहरुलाई साक्षर बनाउन प्रोढ शिक्षाको मात्रै सुरुवात गरिनन्, महिलालाई आर्थिकरुपमा शसक्त गर्ने अभियान पनि चलाइन् । डीनाले मकवानपुरको महिलाहरुलाई आर्थिक र सामाजिकरुपमा शसक्त बनाउन विभिन्न तालिमहरु सञ्चालन गरेर महिलालाई व्यवसायसँग जोड्ने तथा सहकारीमार्फत् उनीहरुलाई आर्थिक रुपमा सवल बनाउने अभियान पनि चलाइन् ।

उनले २०५५ सालमा मकवानपुरमा दिव्यतारा बहुद्देश्यीय सहकारी स्थापना गरिन् । उक्त सहकारीको संस्थापक अध्यक्ष डीनाले सहकारीमार्फत् महिलाहरुको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि गाउँ-गाउँमा पुगिन् । जिल्लाको विभिन्न विकट गाउँमा पुगेर उनले महिलाहरुलाई सहकारीमा जोड्दै उनीहरुलाई आत्मनिर्भर बनाउने अभियान सुरु गरिन् । हाल उनी उक्त सहकारीको संरक्षक छिन् । डीनाले महिला शसक्तीकरणको लागि खोलेको सहकारीले हाल रेडियो, सुपथ सहकारी पसल र शुद्ध तोरीको तेल उद्योग चलाएइरहेको छ । त्यस्तैगरी कृषि स्रोत केन्द्र सावुन र गोलभेडा प्रसोधन उद्योग सञ्चालनको तयारी पनि गरिरहेको छ । ११ हजार पाँचसय ७९ शेयर सदस्य रहेको उक्त सहकारीले महिलासँगै युवा स्वरोजगार र किसानहरुले उत्पादन गरेको कुरालाई पनि प्राथमिकतामा राखेर विभिन्न कार्य गर्दै आएको छ ।

मकवानपुरबाट सुरु भएको उक्त सहकारी चितवन र ललितपुरमा पनि शाखा बिस्तार गर्न सफल भएको छ । सहकारीको ११ वटा शाखा र मुख्य कार्यालय सहित १२ वटाबाट बित्तीय कारोबार रहेको छ । सहकारीबाट करिब तीनहजार जना स्वरोजगार बनेका छन् । प्रदेश सरकारबाट सहकारी पदक प्राप्त गरेको दिव्यतारा सहकारीले जनताको जीवनस्तर उकास्ने काम गर्दै आएको छ । वार्षिक कारोबार २० अर्ब रहेको सहकारीले राष्ट्रिय सहकारी बैंकबाट उच्च कारोबार गरेवापत सम्मान र संघबाट सम्मान पाएको छ ।

डीनाले महिला शसक्तीकरणको लागि सुरुवात गरेको सहकारीले हाल मकवानपुरसँगै अन्य जिल्लामा पनि महिला र युवा स्वरोजगारसँगै कृषि उत्पादनलाई पनि जोड दिएर काम गरिरहेको छ । केहिदिन अघिमात्रै चुनावी अभियानअन्तर्गत् हेटौंडा-१५ पुगेकी डीनालाई त्यहाँको महिलाहरुले सहकारीमार्फत् आफूहरुलाई विगतमा तालिम दिएकोमा धन्यवादसमेत दिएका थिए । डीनाले आत्मनिर्भर बन्नको लागि दिएको तालिम र सहकारीबाट प्राप्त व्यवसायिक आर्थिक सहयोगले आफूले आर्थिक उपार्जन गर्न सकेको भन्दै खुशी व्यक्त गरेका थिए । उनै डीना हाल मकवानपुर-१ बाट लोकतान्त्रिक बाम गठबन्धनको तर्फबाट प्रतिनिधि सभाको उम्मेदवार बनेको छिन् ।

## एमालेबाट निर्वाचित पूर्व वडा सदस्य स्याङ्तानसहित ५५ जना नेपाली काँग्रेसमा



साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ मा नेकपा एमाले पार्टीको तर्फबाट निर्वाचित पूर्व वडा सदस्यसहित ५५ जना युवा कार्यकर्ता सोमबार नेपाली काँग्रेस पार्टीमा प्रवेश गरेका छन् ।

एमालेबाट वडा सदस्य निर्वाचित सोमलाल स्याङ्तानसहित ५५ जना नेता कार्यकर्ता नकौलीमा आयोजित एक कार्यक्रमबीच काँग्रेस पार्टी प्रवेश गरेका हुन् । २०७४ सालको स्थानीय तह निर्वाचनमा स्याङ्तान वडा सदस्य निर्वाचित भएका थिए । उनी स्थानीय बाराही आधारभूत विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षसमेत हुन् ।

नेपाली काँग्रेस १ नम्बर वडा इकाइ समितिका सभापति हरि कृष्ण महर्जनको सभाध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेस हेटौंडा नगर सभापति उत्सव इटेनीले टीका तथा खादा लगाएर उनीहरुलाई पार्टी प्रवेश गराएका हुन् ।

पार्टी प्रवेश गर्दै पूर्व वडा सदस्य स्याङ्तानले नेकपा एमाले पार्टीमा लागेर गाउँको विकास गर्ने आफ्नो ठूलो धोको भएपनि पार्टीकै नेताहरु नै अवरोध भएपछि आफूले पार्टी परित्याग गरेको बताए । उनले आफू सत्य र विकासको बाटोमा हिँड्ने व्यक्ति भएको भन्दै उनले जनतालाई झुटो बोलेर भुलभुलैयामा राख्ने एमाले पार्टीमा लागेर हिँड्न नसकेको बताए । जनतालाई दु:ख पर्दा एमाले नेता कहिल्यै जनताको घरमा नपुग्ने तर, चुनाव आएपछि भोट माग्दै विभिन्न आश्वासन बाँड्दै आउने गरेकोमा उनले दु:ख व्यक्त गरे ।

कार्यक्रममा स्याङ्तानसहित नवराज भ्लोन, अमर भोम्जन, छेवाङ भोम्जन, बिजय थिङ, लक्ष्मीमाया भोम्जन, सोमलाल मोक्तान, रवीन्द्र बल, देवेन्द्र बल, कृष्ण बललगायत वडास्तरीय नेताहरु टीका लगाएर काँग्रेस प्रवेश गरेका थिए ।

नगर सभापति उत्सव इटेनीले पछिल्लो समय काँग्रेस पार्टीमा जनताको आकर्षण बढेकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा अझै काँग्रेस पार्टीलाई जनमुखी बनाउनेमा ढुक्क हुन आग्रह गरे । काँग्रेस पार्टी प्रवेश गर्ने नेताहरुलाई उचित सम्मानसहित पार्टीमा जिम्मेवारी दिने बताउँदै उनले आगामी निर्वाचनमा सक्रिय भएर गठबन्धनलाई जिताउन लाग्न आग्रह गरे । कार्यक्रममा नेपाली काँग्रेस १ नम्बर इकाइ उपसभापति लवाङ सिन्तान, समाजसेवी डीवी थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## भीमफेदी कारगारका नौसय ८९ जना कैदीबन्दीले मतदान गर्न पाउने

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ ४ मंसिरमा हुने निर्वाचनमा मकवानपुरको भीमफेदी कारागारमा रहेका कैदीबन्दीले कारागारबाटै मतदान गर्न पाउने भएका छन् ।

कारागारमा रहेका कैदीबन्दीहरुले पहिलोपटक कारगारबाटै मतदान गर्न पाउने भएका हुन् । कारागारका जेलर तीर्थराज पौडेलले मतदान गर्ने व्यवस्थाको तयारी सुरु गरिएको जानकारी दिए । जेलर पोडेलले कारगारमा रहेका ९ सय ८९ जना कैदीबन्दीमध्ये मतदाता नामावलीमा नाम भएका ९८ जना कैदीबन्दीले मतदान गर्न पाउने भएको बताए ।

मतदाता नामावलीमा नाम भएका कैदीबन्दीलाई कारागार बाटै मतदान गर्ने व्यवस्था गरिएको प्रदेश निर्वाचन कार्यालय, हेटौडाले जनाएको छ । कार्यालयका अनुसार कैदीबन्दीले प्रतिनिधिसभाको समानुपातिकतर्फ मात्रै मताधिकार प्रयोग गर्न पाउने छन् ।

## राप्रपा उम्मेदवार न्यौपानेद्वारा ७ बुँदे संकल्प सार्वजनिक

हेटौंडा, २१ कात्तिक/ राप्रपाबाट मकवानपुर क्षेत्र नम्बर १ को 'ख' प्रदेशसभा सदस्य उम्मेदवार गुञ्जन बहादुर न्यौपानेले ७ बुँदे संकल्प सार्वजनिक गरेका छन् ।



सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै उनले ४ मंसिरमा हुन लागेको प्रदेशसभा निर्वाचनको लागि आफ्नो ७ बुँदे संकल्प सार्वजनिक गरेका हुन् । यसअघि लामो समयदेखि पार्टीको काम रहँदा उम्मेदबार बन्ने अवसर नपाएको बताउँदै यसपटक पार्टीले अवसर दिएको उनले बताए । उनले आफू सांसद् बन्नको लागि नभई जनताको काम गर्नको लागि उम्मेदवार बनेको बताउँदै अर्को पटक यस पदमा उम्मेदवार नबन्ने समेत स्पष्ट पारे ।

राप्रपाका उम्मेदवार गुञ्जनले आफू जनताको घरदैलो गर्ने क्रममा अघिल्ला निर्वाचनमा जितेर गएका प्रतिनिधिहरुले काम नगर्दा विभिन्न जनगुनासो सुनिएको बताए । उनले आफू निर्वाचित भएको अवस्थामा इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्ने बताए । उनले आफू निर्वाचित भएको अवस्थामा आफू निर्वाचित प्रदेशमा संघीयता खारेजीमा पहल गर्न अग्रसर रहने बताउँदै आफूलाई निर्वाचित गराउन अनुरोध गरेका छन् ।

साझाकुरा राष्ट्रिय दैनिक
www.sajhakuranews.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पर्यटन प्रबर्द्धनमा ध्यान दिनु जरुरी

कोरोना महामारीले नेपालका सबैखाले व्यवसायहरु शिथिल अवस्थामा छन् । सबैभन्दा बढी होटल, रेष्टुराँ, सिनेमा हल, पर्यटकीय पार्कलगायत मनोरञ्जनका क्षेत्रहरु परेका छन् । न्यूनतम आवश्यकताका विषयहरु पूरा भएपछिमात्र विलासिताका विषयबस्तुमा मानिसको ध्यान जानुपर्ने विश्वव्यापी मान्यतामा टेकेर कोरोना महामारीको अवस्थामा सबैभन्दा बढी नेपालको पर्यटन व्यवसाय चौपट भएको कुरा हामीमाझबाट छिपेको छैन । सामाजिक दूरी कायम गर्न बढी मानिसहरु भीडभाड हुने क्षेत्रहरुलाई बन्द गर्ने सरकार र स्थानीय प्रशासनको अनुरोधमा यी क्षेत्रहरु लामो समय बन्द रहेकोले व्यवसायमा आश्रित लाखौं मजदुरहरु समस्यामा परेका छन् र व्यवसायीहरु पनि समस्यामा परेका छन् ।

कोरोनाको कारण 'लकडाउन' भएका कारण होटलहरु सञ्चालन हुन सकेनन् । आन्तरिक तथा बाह्य पर्यटकहरु पनि त्यत्ति घुमफिरमा निस्कोनन् । कोरोनाको तेस्रो संक्रमण पनि लगभग अब सुस्ताएको आभाष भइरहँदा पर्यटन क्षेत्रलाई पुनर्जागरण गराउन खासै कामहरु हुन सकेको छैन । नेपालमा बाह्य पर्यटकहरुको आगमन त्यत्ति हुन नसकेको अवस्थामा आन्तरिक पर्यटन पनि त्यत्ति राम्ररी हुन सकेको छैन । पछिल्लो समय आन्तरिक पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सुरु हुन थालेका छन् । यसको उदाहरणको रुपमा रहेको छ 'थाहा नगरको काठमाडौंमा फोटो प्रदर्शनी' । थाहा नगरको आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले गरिएको फोटो प्रदर्शनीले उल्लेख्य प्रशंसा पाएको छ ।

देशव्यापी पर्यटन प्रबर्द्धनको कार्यक्रम सरकारले ल्याउनु जरुरी छ । प्रदेशस्तरको कार्यक्रम प्रदेश सरकारले प्रबर्द्धन गर्नु जरुरी छ । तर, जिल्लाको पर्यटन व्यवसाय प्रबर्द्धनको जिम्मा जिल्लास्थित होटल एसोसिएसन र अन्य पर्यटनसंग सम्बन्धित व्यवसायीहरुले गर्नु जरुरी छ । पर्यटन प्रबर्द्धनको लागि नयाँ नयाँ कार्यक्रम ल्याउन सके कोरोनाका कारण आक्रान्त बनेका नेपाली जनताले केही रमाइलो र उमङ्गको अनुभूति गर्न सक्ने विश्वास लिन सकिन्छ । जसरी पोखराका पर्यटन व्यवसायीहरु एकजुट भएर त्यहाँको पर्यटन प्रबर्द्धनमा लागेका छन् । मकवानपुरका पर्यटन व्यवसायीहरुले पनि नयाँ नयाँ कार्यक्रम ल्याउने हो कि ? यसमा सम्बन्धितको ध्यान जाओस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २३ गते बुधबार ०९नोभेम्बर २०२२ । कात्तिक प्रतिपदा मार्ग कृष्णपक्ष। कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ५:१३ । विश्व स्वतन्त्रता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायमा सफलता | **तुला** | : शत्रु नाश |
| **वृष** | : मान हानिले खिन्नता | **वृश्चिक** | : परिवारमा कलह |
| **मिथुन** | : धर्मकार्यमा खर्च | **धनु** | : रोग नाश |
| **कर्कट** | : न्यायिक कार्यमा सफलता | **मकर** | : अशुभ समाचार सुन्नुपर्ने |
| **सिंह** | : मान्यजनबाट विवाद | **कुम्भ** | : साझेदारी कार्यमा विवाद |
| **कन्या** | : अहमपनले कार्यमा हानि | **मीन** | : दैनिक आयमा कमी |

# भत्किँदो चौतारो लोकतन्त्रको



गोविन्द अधिकारी

पहाडका गाउँतिर चौतारोको विशेष महत्व हुन्थ्यो । भेटघाट, गफगाफ, थकाइ मार्ने, भारी बिसाएर सुस्ताउने थलो हुनेगर्थ्यो चौतारो । ढुंगाले चिठेर मञ्चजस्तो बनाइएका चौतारामा वर, पिपल, समीका ठूला झ्याम्म परेका रुख हुन्थे । शीतल छहारी दिनेमात्र होइन एक झर पानी नै ओत्ने ।

पहाडका गाउँहरू उजाडिने क्रममा चौताराहरू पनि मासिइन थाले । अहिले धेरै चौताराको बेहाल भएको छ । कतिपयको त नाम निसानै मेटिएको छ । नेपालको लोकतन्त्रको चौतारो पनि यसरी नै भत्किँदो छ । चुनाव लोकतान्त्रिक अभ्यास हो । विडम्बना, नेपालमा भने चुनावले लोकतान्त्रिक आयाम (स्पेस) खुम्च्याउँदै गएको छ । विशेषगरी गत २०७४ को चुनाव र त्यसपछिका घटनाले लोकतन्त्रप्रति गम्भीर चासो राख्नेहरूलाई पक्कै झस्काएको हुनुपर्छ ।

परन्तु, देशमा लोकतन्त्रको खुम्चँदो अवस्थाप्रति नेपालका राजनीतिक नेता कार्यकर्तामा भने पटक्कै चिन्ता देखिएन । उनीहरूले त चुनाव कसरी जित्ने र सत्तामा पुगेर राज्यको दोअन कसरी गर्ने भन्दा पर सोच्नै चाहेनन् । तिनको यस्तै सोचले यस चुनावपछि लोकतन्त्र झन् कमजोर हुने जोखिम बढेको छ ।

अमेरिकामा त्यति लामो अभ्यास हुँदा त एक जना गलत व्यक्ति सत्तामा पुग्नेबित्तिकै लोकतन्त्रको जग खलबलियो । ट्रम्पले सुरु गरेको लोकतन्त्र विरोधी अभ्यासले दुनियाँभर लोकतन्त्रको साख गिरेको छ । संसारभर लोकतन्त्र र मानव अधिकारका वैरीहरू हौसिएका छन् ।

***अधिनायकवादी सारथीहरू***

आफूलाई 'वामपन्थी' भन्न रुचाउनेहरूमध्ये कम्युनिस्टहरू लोकतन्त्रलाई अर्कै लक्ष्यमा पुग्न प्रयोग गर्ने साधनमात्र ठान्छन् । आफ्नो स्वार्थमा लोकतान्त्रिक अभ्यास र संस्थाहरू बाधक बन्नेबित्तिकै प्रहार गर्न तम्सिहाल्छन् । नेपालमै यस्ता घटना धेरैपटक भएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष खड्गप्रसाद ओलीले दुईपटक प्रतिनिधि सभा भङ्ग गराए । पहिलोपटक प्रतिनिधि सभा भङ्ग गर्दा सर्वोच्च अदालतले त्यसलाई असंवैधानिक ठहर गरिदियो । पुन:स्थापित प्रतिनिधि सभालाई पनि उनले फेरि भङ्ग गरिदिए । सर्वोच्च अदालतले फेरि पनि उनको कदमलाई असंवैधानिक ठहर गर्‍यो । पछिल्लोपटक त संविधानको मर्ममा प्रहार गर्नेमा राष्ट्रपति विद्यादेवी भण्डारी पनि प्रत्यक्ष मुछिइन् । तर, कसैले पछुतो मानेको वा नैतिक जिम्मेवारी लिएको देखिएन ।

त्यसोत तत्कालीन नेकपा (नेकपा) नै लोकतन्त्रका विरुद्ध अधिनायकवादीहरूको मोर्चाबन्दी थियो । यसैले पनि हुनुपर्छ त्यसका नेताहरू ५० वर्ष नेकपाले एकछत्र राज गर्ने फुटानी लाउने गर्थे ।

ओलीलाई हटाउन पार्टीको संसदीय दलमा चुनौती दिनुको साटो पुष्पकमल दाहाल, माधवकुमार नेपालहरूले पार्टी संगठनबाट दबाब दिन थाले । यो संसदीय लोकतन्त्रको मान्यताविपरीत थियो । ओली त जनताले चुनेको सांसदहरूको नेता थिए । संसदीय दलका नेताका हैसियतमा प्रधानमन्त्री भएका उनलाई जनताको कुरै भएन नेकपाका कार्यकर्ताको समेत प्रतिनिधित्व नगर्ने पार्टीका मठाधीशहरूले हटाउन खोज्नु अधिनायकवादी प्रवृत्तिकै द्योतक हो । यसैले ओलीजस्तै दाहाल र नेपालमा पनि लोकतान्त्रिक संस्कार त परै छाडौं लोकतन्त्रको मोह र सम्मानसमेत छैन । यी सबै लोकतन्त्रका वैरी हुन् ।

यिनै लोकतन्त्रका वैरीमध्ये दाहाल र नेपाल अहिले नेपाली कांग्रेसका सारथी बनेका छन् । पहिलो पुस्ताका नेताहरू (सुशील कोइरालासम्म) नेतृत्वमा रहन्जेल नेपाली कांग्रेसले कम्तीमा लोकतन्त्रका हकमा सम्झौता गर्दैन भने ढुक्क हुनसकिन्थ्यो । अहिले त कांग्रेस पनि बहुरङ्गी भइसक्यो । सत्ताका लागि सिद्धान्तलाई खोपामा थन्क्याउने कांग्रेसका नेताहरूले लोकतन्त्रको रक्षा गर्लान् भन्नु शल्यले महाभारत जिती पो हाल्छन् कि भन्ने दुर्योधनको आशा जस्तै हुन पुगेको छ ।

***नालायक नेताका फुटानी !***

चुनावका बेला नेताका भाषण सुन्न र पढ्न चाखलाग्दो हुनुपर्ने तर यसपल्ट त दिक्क लाग्दो अनि रिस उठ्दो पो भएको छ । तिनको निकट अतीत र अहिलेका फुटानीले नै यस्तो अवस्था उत्पन्न भएको हो । आफ्नो पार्टीले उठाउने उमेदवारको योग्यतासम्म पनि पुगे नपुगेको ख्याल राख्न नसक्ने नालायकहरू मुलुक बनाउने फुटानी गर्न थालेपछि झोँक किन नचलोस् त !

कुनै पनि पदमा उमेदवार हुन न्यूनतम योग्यता तोकिएको हुन्छ । प्रतिनिधि सभा र प्रदेश सभाका उमेदवारको न्यूनतम योग्यता त झन् नेपालको संविधानमै तोकिएको छ । तैपनि विभिन्न दलका गरी समानुपातिक तर्फका ६ हजार ४५७ उमेदवारमध्ये ५५० जनाको उमेदवारी रद्द भएको छ । तीमध्ये ५२ जनाको त उमेरै पुगेको रहेनछ, ६६ जनाले दोहोरो उमेदवारी दिएका अर्थात् एकै जनाको नाम दुई वा दुईभन्दा बढी दलको सूचीमा परेको रहेछ ।मतदाता नामावलीमा नामै नभएका ६ जना, प्रदेशभन्दा बाहिरका १२ जना र लैङ्गिक पहिचानै फरक परेका ३७ जनाको उमेदवारी पनि खारेज भएछ । उमेदवारी खारेज हुनेमा आवश्यक कागजपत्रै नभएका ६ जना, लाभको पदमा रहेका १ जना, अनि कालोसूचीमा परेका १ जना पनि छन् । अयोग्य उमेदवारको ठूलो सङ्ख्या अर्थात् ३६९ जना भने स्थानीय तहको निर्वाचनमा उमेदवार भएका तर निर्वाचन खर्चको विवरण नबुझाउने अटेरहरू परेछन् ।

निर्वाचन आयोग भने उमेदवार बन्ने योग्यतासम्म पनि ख्याल नराख्ने नालायक नेताहरूलाई पनि 'चुनाव हराऊ' भन्न नदिने ' कस्तो 'नाइन्साफी'?

***खान्गी बाँड्ने जंगे रहर***

लोकतान्त्रिक घेरा साँगुरिँदै गएको छ । राजनीतिक विचार निर्माणका बेला सर्वहाराको अधिनायकवाद नै उत्तम पद्धति हो भन्ने छाप परेका र त्यसैमा दीक्षितहरूबाट अहिले जस्तो आवरणमा देखिए पनि लोकतन्त्र बलियो बनाउने काम हुँदैन ।

एकछत्र शासनको मोहमा लगाइने प्रत्यक्ष निर्वाचित कार्यकारीको रटना अवचेतनमा बसेको सर्वसत्तावादी शासनको अभिव्यक्ति हो । पूर्ण समानुपातिक हुने र अहिलेकै शैलीमा पत्नी, प्रेमिका, ताबेदार र मतियार छानिने भयो भने कल्पना गरौं त कस्तो होला संसद्को अनुहार ? पूर्णसमानुपातिकको रटानले समानुपातिक प्रणालीप्रति नै वितृष्णा उत्पन्न हुन थालेको छ ।

जनसाङ्ख्यिक संरचना जस्तो छ संसद्को संरचना पनि त्यस्तै हुनु प्राकृतिक न्याय पनि हो । समानुपातिकमा पर्नेहरूको छनोटमा दलका नेता इमानदार भएको भए यति धेरै विकृति पक्कै देखिने थिएन ।

चुनावमा उमेदवार हुन नपाउने कार्यकर्तालाई अवसरै अवसर भएको घोषणा गर्ने पुष्पकमल दाहालको दलले सांसद् सङ्ख्या घटाउने घोषणा गरेको छ । अर्थात्, जनताले चुन्ने प्रतिनिधि घटाउने र ताबेदारहरूलाई तजबिजमा खान्गी बाँड्ने । जङ्गबहादुर हुने रहर !

***र अन्त्यमा***

निर्वाचन आयोगको कारिन्दा मानसिकताले अनर्थ हुने लक्षण देखिन थालेको छ । थप अनीष्ट नभए हुन्थ्यो । कतै चुनावको मुखैमा केही उमेदवारको उमेदवारी नै खारेज हुने त होइन ? चुनाव लड्नै रोक्ने होइन गर्न नहुने काम गरेर चुनाव जिते पदबाट हटाउने हो । बैठकभत्ता र तलब एउटै कुरा होइन । तोसिमा कार्कीको पछि लागेर निर्वाचन आयोगले के देखाउन खोजेको हो ?

यस्तै मुकुन्द रिजाललाई जरिवाना गरेछ उमेदवारको प्रचारप्रसार गरेको भनेर । संसारमा अन्त यस्तो नियम वा अभ्यास कहाँ छ थाहा भएन तर त्यसो गर्नु न सैद्धान्तिक दृष्टिले उचित हुन्छ न व्यावहारिकरूपमा नै सही हुन्छ । पार्टीबाट उमेदवार भएर अनुमोदित वडा अध्यक्षले चुनाव प्रचार गर्न नपाउने हो भए कस्ले पाउने त ?

चुनावमा सरकारी साधनको दुरुपयोग रोक्नुपर्छ तर राजनीतिक व्यक्तिको संलग्नता रोक्न हुँदैन । त्यसो भए त मन्त्रीलाई पनि दिनु भएन चुनाव प्रचार गर्न । पञ्चायतको अन्त्यतिर यस्तै चटक गर्न थालेका थिए । अहिलेका निर्वाचन आयोगका पदाधिकारीमा पनि पञ्चायतको प्रेत चडेजस्तो छ !

# 'दलहरूले स्वास्थ्य भनेकै अस्पताल बनाउनु भन्ने बुझेका छन्'



✍ डा. रिता थापा

नेपालका राजनीतिक दलहरूले स्वास्थ्य क्षेत्रको राम्रोसँग अध्ययन नै नगरी घोषणापत्र तयार गरेका छन् । सबै दलले बुझेको स्वास्थ्य भनेको अस्पताल भवन हो भन्ने जसरी एजेण्डा पेश भएका छन् । आधारभूत स्वास्थ्य सेवामा मुख्य तीनवटा कुरा समावेश हुन्छन् । जसमा स्वास्थ्य प्रवर्धन, रोगको निरोधात्मक सेवा र रोगका उपचारात्मक विषय ।

दलहरूले घोषणापत्रमा आधारभूत स्वास्थ्य सेवा दिन्छौं भनेर वाचा गर्ने तर, अस्पताल बनाउने पाटोलाई मात्रै जोड दिएको पाइन्छ । प्रत्येक वडामा औषधालयसहितको सामुदायिक क्लिनिक स्थापना तथा स्तरोन्नति गरिने दलको घोषणापत्रमा उल्लेख गरिएको छ । हाम्रो स्वास्थ्यको आधार, वस्तुस्थिति के छ भनेर घोषणापत्र तयार गर्नुपर्थ्यो, त्यसो हुन सकेन ।

जनस्वास्थ्यले नै धेरैभन्दा धेरै मानिसको स्वास्थ्यमा परिवर्तन ल्याउन सक्छ । सन् १९७५ मा नेपाल सरकारको एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास योजनाको काम गर्दा यहाँ केही थिएन । समस्याहरू धेरै थिए । मातृमृत्यु दर त कहालीलाग्दो थियो । तत्कालीन समयमा प्रतिलाख १८०० आमाको मृत्यु हुन्थ्यो ।

तर एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास योजनाअन्तर्गत विभिन्न अवधारणाले जिल्ला जनस्वास्थ्य कार्यालय, प्रत्येक गाउँमा एक स्वास्थ्य कार्यकर्ता, एक स्वास्थ्य चौकी र प्रत्येक वडामा एक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई देशव्यापी विस्तार गर्‍यो।

उनीहरू मलेरिया, परिवार नियोजन तथा मातृ शिशु, दादुरा उन्मूलन, क्षयरोग, कुष्ठरोगको क्षेत्रमा काम गर्थे । आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई समुदायस्तरसम्म पुर्याउन महिला स्वास्थ्य स्वयंसेविकाको अवधारणा विकास भएको थियो ।

उनीहरूका लागि सम्बन्धित हेल्थपोष्टले प्रत्येक महिना एकदिने रिफ्रेसर तालिमको व्यवस्था गरेको थियो । गाउँघरका स्वास्थ्य समस्याबारे उनीहरूले रिपोर्ट ल्याउँथे । तालिम लिन्थे । नयाँ प्रविधिबारे समुदायमा जानकारी दिन्थे । उनीहरूले स्वास्थ्य क्षेत्रको जगको रूपमा काम गरेकाले स्वास्थ्य क्षेत्रमा चामत्कारिक परिवर्तन भयो ।

अहिले दलहरूले अस्पताल निर्माणमा मात्रै जोड दिएका छन् । अस्पतालले मात्रै स्वास्थ्य प्रवर्धन, रोगको निरोधात्मक सेवा अगाडि बढाउन सक्दैन । पोलियो उन्मूलन, मलेरिया नियन्त्रणलगायतका कुराहरू अस्पतालले भएका होइनन् । त्यसबेला अस्पताल थिएन । वडास्तरमा आमा समूह, महिला स्वास्थ्य स्वयंसेविकालाई हेल्थपोष्टसँग जोडिएको थियो ।

यसरी गाउँघरका स्वास्थ्य समस्याबारे उनीहरूले रिपोर्ट ल्याउँथे । त्यसको आधारमा जिल्ला जनस्वास्थ्य, अञ्चल हुँदै स्वास्थ्य मन्त्रालयसम्म पुग्थ्यो । यसलाई सामुदायिक स्वास्थ्य प्रणाली भनिन्छ । जब घरदैलोसँग जोडिएको स्वास्थ्य प्रणाली बनाउँछौं तब मात्रै हरेक महिलालाई सुरक्षित मातृत्व, प्रजनन् सेवा, बाल स्वास्थ्य, खोप जस्ता कुरालाई अगाडि बढाउन सकिन्छ । तर, त्यो स्वास्थ्य प्रणाली भत्काइयो । आधारभूत सेवा दिन एकीकृत सामुदायिक स्वास्थ्य सेवाको आवश्यकता हुन्छ ।

केही दिन अगाडि अछाम जिल्लामा सुत्केरी हुँदा धेरै युवतीको मृत्यु भएको समाचार पढेकी थिएँ । जबकि, त्यो ठाउँमा ६५ वटा बर्थिङ सेन्टर छन् । त्यहाँका २० प्रतिशत महिला मात्रै बर्थिङ सेन्टर गएर डेलिभरी हुने गरेका छन् । अरू, मानिस किन गएनन् ? किनभने घरदैलोसँग जोडिएको स्वास्थ्य प्रणाली भएको भए 'रिफर सिस्टम' हुन्थ्यो ।

नागरिकका स-साना समस्या हल गर्न घरदैलोसम्म जोडिएको एकीकृत सामुदायिक स्वास्थ्य सेवा प्रणाली सञ्चालन गर्नुपर्छ । दलहरूले अधिकांश विषयवस्तु लामो समयदेखि उठान गरेका छन् । जुन, हामीले ऐन, कानुनमा ल्याइसकेका छौं ।

उदाहरणका लागि हेर्दा, नेपाली कांग्रेसले स्वास्थ्य बीमाको दायरालाई १० लाख बनाउने घोषणा गरेको छ । जबकि हाम्रो अध्ययनले बीमा कार्यक्रममा नवीकरण नगर्ने ३८ प्रतिशतभन्दा बढी देखाएको छ । यस्तो अवस्थामा सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध के-को आधारमा भनेका हुन् !

त्यस्तै, नसर्ने रोगले मृत्युको ७१ प्रतिशत ओगटेको छ । त्यो पनि युवावर्गको बढी मृत्यु हुन्छ । दैनिक रूपमा ३७१ जनाको नसर्ने रोगका कारण मृत्यु भएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार नसर्ने रोगको जोखिमलाई ८० प्रतिशतले घटाउन सक्छौं । चुरोट, सूर्तीजन्य पदार्थ, पत्रु खाना, शारीरिक निष्क्रियता, मानसिक तनावलाई नियन्त्रण गर्दा ८० प्रतिशत नसर्ने रोग घट्छ ।

यस्ता कुरालाई सरकारले नीतिमा हाल्न सक्नुपर्‍यो । नसर्ने रोग जोखिम घटाउन विद्यालयका नवयुवाबाट सुरु गर्न सकिन्छ । अहिले शतप्रतिशत जस्तै बालबालिका विद्यालय जान्छन् । यो जनस्वास्थ्यको सुधारको लागि अवसर हो । नेपालले देखाएको तथ्यांकलाई नीतिगत रूपमा हाल्दिनुपर्छ ।

आजभोलि हामी घरको भान्छामा खान छोडिसकेका छौं । बाहिर पकाएको खान्छौं, जुन पत्रु खाना हो । पैसाले हामी नसर्ने रोग किनिरहेका छौं । सरकारले यस्ता नसर्ने रोगको रोकथाम तथा नियन्त्रण गर्न नसक्नुमा व्यापारीकरण कारण हो । मेडिकल शिक्षा र स्वास्थ्यमा व्यापारीकरण भएको छ । हरेक पालिकास्तरको अस्पताललाई आधारभूत अस्पताल बनाउनु स्वास्थ्य प्रवर्धन, रोगको निरोधात्मक सेवा र सामान्य रोगका उपचार सेवा दिन हो । त्यहाँ, विशेषज्ञ सेवा

> *हरेक पालिकास्तरको अस्पतालले सामान्य रोगको उपचार दिन हो । त्यहाँ, विशेषज्ञ सेवा हुनैसक्दैन । 'मेडिकल अफिसर 'बस्ने ठाउँमा जटिल स्वास्थ्य सेवा दिन्छु भन्नु बेकारको कुरा हो । दलहरूले स्वास्थ्य भनेकै अस्पताल भवन हो भनेर बुझेका छन् ।*

हुनसक्दैन । मेडिकल अफिसर बस्ने ठाउँमा जटिल स्वास्थ्य सेवा दिन्छु भन्नु बेकारको कुरा हो ।

यी घोषणापत्र राजनैतिक नारामा मात्रै सीमित छन् । विगतमा भएका स्वास्थ्य क्षेत्रका कामबाट आशाजनक अवस्था छैन । आधारभूत स्वास्थ्य सेवा प्रणाली बनाउन नसक्दा डेंगुले पनि मानिसको मृत्यु भएको छ । नसर्ने रोगका कारण दैनिक सयौं मानिसको मृत्यु हुँदै आएको छ । यस कारण राजनैतिक दलले विगतमा गरेको कामबाट विश्वास गर्ने केही आधार देखिँदैन । (जनस्वास्थ्यविद् डा.थापासँग गरेको कुराकानीमा आधारित।)

*साभार: अनलाइनखबर*

# आकाशका धनी फ्यान, जन्मदिनमा हातदेखि कानसम्म सुन उपहार

फिल्म स्टारका अनेक किसिमका फ्यान हुन्छन् । कोही आफ्नो स्टारको नाममा शरीरमा ट्याटु नै खोपाउँछन् भने कोही आफ्नो स्टारको बारेमा नराम्रो बोलेको सुने जाइलाग्न तयार हुन्छन् ।

हलिउड र बलिउडमा मात्र होइन यसप्रकारका फ्यान नेपालमा पनि कयैन् छन् । आफ्नो स्टारलाई प्रत्यक्ष भेट्दा रुने-कराउनेदेखि बेहोस हुनेसम्मका परिदृश्य नेपालमै धेरै पटक देखिसकिएको छ ।

नेपाली फिल्मका एक नायकले भने धनी फ्यानहरु कमाएका छन् । ति नायक हुन्, आकाश श्रेष्ठ । उनलाई फ्यानहरुले सस्तोमस्तो चिज उपहार नै दिँदैनन् । शनिवार आफ्नो जन्मदिन सेलिब्रेसनमा आकाशले पाएको उपहार हेर्दा पनि उनले कमाएका फ्यानहरु कति धनी छन् भन्ने बुझ्न सकिन्छ । उनलाई एक हातमा सुनको ब्रासलेट, औंठी र दुवै कानमा सुनको टप उपहार दिएका थिए ।



उनको जन्मदिन मनाउनका लागि उनका फ्यानहरुले शनिवार काठमाडौंको होटल ए-वान् भेन्यूमा भव्य कार्यक्रम नै राखेका थिए । आकाश पनि फ्यानहरुसँग जन्मदिन मनाउन खरानी रंगको सुटबुटमा ठाँटिएर पुगेका थिए । उनको स्वागतमा फ्यानहरु फूलको माला लिएर होटलको गेट अगाडि तम्तयार भएर बसेका थिए । र, उनलाई देख्न साथ फूलको माला र खादाले टाउको नै पुरिदिए ।

उनलाई फूलको माला लगाउन फ्यानहरुबीच चलेको तछाडमछाड हेर्दा यस्तो लाग्थ्यो कि उनी कुनै चुनाव जितेका ठूला नेता हुन् । फूलमाला लगाउने काम सकिएपछि केक काट्ने कार्यक्रम सुरु हुन्छ । आकाशले आफूसँगै आएका अभिनेता राजिव जंग बस्नेतको साथमा केक काट्छन् र एक पाको उमेरको महिलालाई पहिलो केक खुवाउँछन् । त्यसपछि उनलाई फ्यानबाट गिफ्ट ओइरिन्छ ।

मिडियाको आग्रहमा उनले केक काटेकै ठाउँमा उपहारको पोको खोल्छन् । त्यसभित्र उनका लागि सुनको औंठी, ब्रासलेट र टप हुन्छ । महंगो उपहार देखेपछि आकाश लजाउँछन् । पहिलो केक खुवाएकै महिला उनलाई सुन पहिराउन तम्सिन्छन् तर आकाश मिडियाकै सामु सुन लगाउन असहज मान्छन् । तर, ती महिलाले अटेर गर्दै उनलाई औंठी, ब्रासलेट र कानमा टप लगाइदिन्छिन् ।

उनलाई फ्यानहरुले जन्मदिनमा हात र कानमा गरी करीब एक लाख बराबरको सुन उपहार दिएका थिए । साथै, सोही अवसरमा एक असाह्रय व्यक्तिलाई ५० हजार नगद समेत हस्तान्तरण गरिएको थियो । आकाशले कति धनी फ्यान कमाएका रहेछन्, यसबाटै बुझ्न सकिन्छ । रोचक कुरा चाहिँ के थियो भने त्यहाँ उनलाई उमेर ढल्किएका महिला फ्यानहरुले सुन उपहार दिएको देखिन्थ्यो ।

आकाशको अभिनेत्री पूजा शर्मासँग राम्रो सम्बन्ध रहँदा दुवैका फ्यानहरुले एकअर्काको जन्मदिनमा उनीहरुलाई एकै ठाउँमा राखेर बेलुहा-बेहुली झैं सिंगार्ने गरेका थिए । दुवैलाईफ्यानहरुले सुनदेखि आइफोनसम्म उपहार दिने गर्थे । तर, अहिले दुवै अलग भएका छन् र फ्यानहरु पनि विभाजित छन् । त्यसैले आकाशले दुई वर्षयता एक्लै आफ्ना फ्यानहरुसँग जन्मदिन मनाउँदै आएका छन् । *फिल्मीखबरबाट*

# यसरी सुरू भएको थियो विश्वकप फुटबल, फाइनल हेर्न पुगेका थिए ९३ हजार दर्शक

सन् १९३० मा उरूग्वेले विश्वकै सबैभन्दा ठूलो र प्रतिष्ठित फुटबल प्रतियोगिता विश्वकप फुटबल आयोजना गर्ने मौका पाएको थियो ।

१३ जुलाई देखि ३० जुलाईसम्म विश्वकपको आयोजना गर्नका लागि उरूग्वेलाई एक वर्षअघि नै अधिकार दिइएको थियो।

सन् १९२९ मा बार्सिलोनामा सम्मेलन गरिएको थियो, त्यहीं सम्मेलनले उरूग्वेलाई विश्वकप आयोजना गर्ने निर्णय गरेको थियो।

उरूग्वेले सन् १९२८ मा हल्याण्डको आम्स्टर्डम भएको ओलम्पिक खेलमा फुटबलतर्फ स्वर्ण पदक जितेको थियो । उरूग्वेमा रंगशालाहरू खासै व्यवस्थित थिएनन् । तर पनि युरोपली राष्ट्रहरूलाई पछि पार्दै दक्षिण अमेरिकी राष्ट्र उरूग्वे विश्वकपको पहिलो संस्करण आयोजना गर्न सफल भएको थियो ।

पहिलो विश्वकपमा १३ टिम भाग लिएका थिए । अर्जेन्टिना, चिली, फ्रान्स, मेक्सिको, युगोस्लाभिया, ब्राजिल, बोलिभिया, आयोजक उरूग्वे, रोमानिया, पेरू, अमेरिका, पाराग्वे र बेल्जियम विश्वकपको पहिलो संस्करणमा छनोट भएका थिए। सहभागी टिमलाई चार समूहमा विभाजित गरिएको थियो। एउटा समूहमा चार राष्ट्र सहभागी थिए भने अन्य समूहमा ३-३ राष्ट्र ।

प्रतियोगितामा समूह चरणमा शीर्ष स्थान हात पार्दै अर्जेन्टिना, युगोस्लाभिया, उरूग्वे र अमेरिकाले विश्वकपको सेमिफाइनलमा स्थान बनाएका थिए । अमेरिकालाई सेमिफाइनलमा



६-१ को फराकिलो अन्तरले हराउँदै अर्जेन्टिना फाइनलमा पुगेको थियो । फाइनलमा अर्जेन्टिनासँगको भिडन्तलाई पक्का गर्ने क्रममा आयोजक उरूग्वेले युगोस्लाभियालाई ६-१ कै अन्तरले पराजित गरेको थियो।

यसअघि सन् १९२८ को ओलम्पिकमा भिडेका दुई राष्ट्र अर्जेन्टिना र उरूग्वेले नै पहिलो विश्वकपको फाइनलमा स्थान बनाएका थिए। यो प्रतियोगितामा तेस्रो स्थानका लागि भने कुनै भिडन्त नै भएको थिएन।

जुलाई ३० का दिन उरूग्वेको सेन्टेरियो रंगशालामा पहिलो विश्वकप जितेर इतिहास रच्नका लागि मैदानमा दुई टिमहरू उत्रिएका थिए। पहिलो विश्वकपको फाइनल खेल हेर्न ९३ हजार दर्शकहरू रंगशालामा आएका थिए। अर्जेन्टिनाबाट मात्रै १५ हजार समर्थकहरू फाइनल भिडन्त हेर्न आएका थिए।

फाइनल खेलमा अर्जेन्टिनालाई ४-२ ले हराउँदै आयोजक उरूग्वेले पहिलो विश्वकपको उपाधि आफ्नो पोल्टामा पारेको थियो। पहिलो विश्वकपको उपाधि जित्दै राष्ट्रिय फुटबल टोलीले इतिहास कायम गरेको भोलिपल्ट उरूग्वेमा सार्वजनिक बिदाको घोषणा गरिएको थियो।

यता अर्जेन्टिनाको राजधानी ब्युनर्स आयर्समा भने स्तब्ध समर्थकहरूले उरूग्वेको राजदुतावासमा ढुंगा हानेका थिए।

प्रतियोगितमा सर्वाधिक ८ गोल गर्ने अर्जेन्टिनाका गियुललेर्मो स्टेबिल पहिलो विश्वकपको सर्वाधिक गोलकर्ता घोषित भए । पहिलो विश्वकपमा तीनवटा रंगशालाको प्रयोग गरिएको थियो। फाइनल खेल खेलाइएको रंगशाला उरूग्वेको स्वतन्त्रता दिवसको अवसरमा बनाइएको थियो।

यो रंगशालालाई अहिले पनि उरूग्वेलीहरू स्वतन्त्रता तथा विजयको प्रतिकका रूपमा हेर्छन्। पहिलो विश्वकपको पहिलो खेल फ्रान्स र मेक्सिकोबीच खेलाइएको थियो। फ्रान्सेली खेलाडी लुसियन लाउरेन्टले विश्वकपको पहिलो खेलको १९ औं मिनेटमा गोल गरेका थिए।

विश्वकप फुटबलकै इतिहासमा यो पहिलो गोल हो। मेक्सिकोलाई ३-१ ले हराउँदै फ्रान्सले यही खेलबाट विश्वकपको पहिलो खेल जित्ने इतिहास बनाएको थियो । *-सेतोपाटीबाट*

# गायक प्रकाश दूतराजले गरे अष्ट्रेलियामा आत्महत्याको प्रयास

काठमाडौं/ गायक प्रकाश दूतराजले आत्महत्या प्रयास गरेका छन् । सांगीतिक कार्यक्रमको लागि अष्ट्रेलियाको ब्रिसबेन पुगेका उनले आफू बसेको होटलमै झुण्डिने प्रयास गरेको स्रोतले जनाएको छ ।

उक्त घटना स्थानीय समयानुसार आइतबार मध्यरातमा भएको जनाइएको छ । गायिका भूमिका गिरीसहित दूतराज कन्सर्टको लागि अष्ट्रेलियामा छन् । आयोजकले उनीहरुलाई एउटै फ्ल्याटमा राखेको छ ।



दूतराजले सलको पासो लगाएर झुण्डिने प्रयास गरेका थिए । सोही क्रममा उनी बसेको ढोका पनि खुल्लै भएको जनाइएको छ । कोठाबाट आवाज आएपछि गायिका गिरीले दूतराजको कोठामा पसेर उद्धार गरेको स्रोतले जानकारी दियो । दूतराज अहिले सामान्य अवस्थामा छन् । अन्तर्मुखी स्वभावका दूतराजले आत्महत्या प्रयास गुर्नको कारण खुलेको छैन । सिड्नीमा हुन लागेको एक सांगीतिक कार्यक्रमपछि दूतराज र भूमिका गिरी नेपाल फर्कने तयारीमा छन्। दूतराजका जाम भो माइली, घर कता हो बैनीको, चोली मैलै भो, मन भुल्छ लगायत गीत चर्चित छन् । केही दिनअघि रिलिज भएको उनको गीत 'देउरालीमा' पनि निकै रुचाइएको छ ।*अनलाइनखबरबाट*

# मंगलबार लाग्ने चन्द्रग्रहण तक्षशिला एकेडेमीबाट देखाइने

कार्तिक शुक्ल पूर्णिमामा कात्तिक २२ गते मंगलबार लाग्ने ग्रस्तोदित खग्रास चन्द्रग्रहण सामाखुसीस्थित तक्षशिला एष्ट्रोनमी क्लबले देखाउने व्यवस्था मिलाएको छ।

सामाखुसीस्थित एकेडेमी भवनको छतबाट नि:शुल्क चन्द्रग्रहण देखाउने व्यवस्था गरिएको वरिष्ठ खगोलविद् जयन्त आचार्यले जानकारी दिए।

बेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको हो।

ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चाङ्गम् मा उल्लेख छ। साँझ ५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्ट रूपमा देखिने छ । बेलुकी ५:२७ बजे ग्रहणको उन्मिलन हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए। बेलुकी ६:३४ बजे ग्रहण सकिन्छ। एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिनेछ। चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने



धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए।

कात्तिक २२ गते मंगलबार बिहान ८:११ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उनले बताए । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ।

यो ग्रहण जापान, कोरिया, चीन, भारत, क्यानडा, अलास्का आदि देशबाट खग्रास चन्द्रग्रहण देखिने छ। नेपाल, भारत, पाकिस्तान आदि देशबाट भने साँझमा चन्द्रमा उदाउँदा ग्रहण लागिरहेको देखिनेछ ।

यसअघि कात्तिक ८ गते मंगलबार कार्तिक कृष्ण औंसीका दिन सूर्यग्रहण लागेको थियो। यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ।

# ओखर र फलफूल खेती सुधारका लागि एशियाली विकास बैंकले ९ अर्ब लगानी गर्ने




काठमाडौं/ नेपाल सरकार र एशियाली विकास बैंकबीच नेपालको पहाडी क्षेत्रमा ओखर र फलफूल प्रजातिको खेती सुधारका लागि वित्तीय लगानी गर्ने भएको छ ।

सोमबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थ सचिव कृष्णहरि पुष्कर र नेपालका लागि एशियाली विकास बैंकका देशीय निर्देशक अर्नौड काउक्विइसले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

एशियाली विकास बैंकसँगको सम्झौताअनुसार बैंकले साधारण पूँजी संशोधनबाट करिब ७ अर्ब ७९ करोड सहुलियत ऋण र एशियाली कोषबाट करिब १ अर्ब ३० करोड रुपैयाँ अनुदान दिने भएको छ । परियोजनाका लागि बैंकले विश्वव्यापी कृषि तथा खाद्य सुरक्षा कार्यक्रमबाट १ अर्ब १७ करोड खर्च र नेपाल सरकारले करिब १ अर्ब ८८ करोड रुपैयाँ लगानी गर्ने सम्झौतामा उल्लेख रहेको छ ।

ओखर र फलफूल खेती सुधार परियोजनाबाट प्रदेश १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका करिब ३० हजार घरपरिवार लाभान्वित हुनेछन् ।

ओखर र फलफूल प्रजातिका बोटबिरुवा नेपालको पहाडी क्षेत्रको १० हजार हेक्टरमा लगाइने सहमति भएको छ ।

हस्ताक्षर कार्यक्रममा बोल्दै अर्थ सचिव पुस्करले एशियाली विकास बैंकले विगतदेखि निरन्तर रुपमा सहयोग गर्दै आएको स्मरण गर्दै अझै सहयोगको अपेक्षा राखेको बताए ।

# मंसिर ४ को चुनावले देशको भविष्य निर्धारण गर्छः ओली

बागलुङ/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंसिर चार गतेको निर्वाचनले देशको भविष्य निर्धारण गर्ने बताएका छन् ।

नेकपा एमाले जिल्ला निर्वाचन परिचालन कमिटी बागलुङले बुर्तिबाङमा आयोजना गरेको चुनावी सभामा उनले देशको सार्वभौमसत्ता र स्वाधिनता रक्षाको लागि एमालेको बहुमतको सरकार अपरिहार्य भएका हुन् ।'चारतिर मुख फर्किएकाहरु एकसाथ चुनावमा आएका छन्,' सत्तारुढ



गठबन्धनलाई लक्षित गर्दै उनले भने, 'विचार सिद्धान्त र निर्वाचको घोषणपत्र फरक भएकाहरु एकठाउँ उभिएर जनता झुक्याउँदै छन् ।'

ओलीले पहिलो पटक बागलुङ क्षेत्र नम्बर २ ले स्थानीय उम्मेदवार पाएको भन्दै गठबन्धनका टुरिष्ट उम्मेदवारलाई जनताले विदाइ गर्ने बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



# मत माग्दै घर-घरमा डीना र आनन्द

साझाकुरा संवाददाता



हेटौंडा, २१ कात्तिक/ मंसिर ४ गते हुने निर्वाचनको मिति नजिकिएसँगै मकवानपुरमा चुनावी माहोल पनि गर्मिएको छ ।

यतिबेला जिल्लाका उम्मेदवारहरु नतिजा आफ्नो पक्षमा पार्नको लागि घरदैलो विभिन्न चुनावीसभा कार्यक्रममा व्यस्त छन् । मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' मा लोकतान्त्रिक-बाम गठबन्धनका साझा युवा उम्मेदवार महालक्ष्मी उपाध्याय 'डीना' र आनन्दराम पराजुली पनि दैनिक घरदैलोमा व्यस्त रहेका छन् । उनीहरु हरेक दिन बिहानदेखि साँझ अबेरसम्म हेटौंडाका विभिन्न वडाका मतदानसँग व्यस्त छन् ।

सोमबार पनि उपाध्याय र पराजुलीले हेटौंडा ४ र ७ का विभिन्न टोलमा पुगेर मतदाताहरुसंग छलफल र परामर्श गर्दै मत मागेका छन् । मत माग्ने क्रममा दुवै जनाले यस पटकको आफ्नो एजेन्डा विपक्षीले अधुरो छोडेको कामलाई पूरा गर्ने र मतदातासंगको प्रतिबद्धतालाई कुराले भन्दा काम गरेर पूरा गर्ने भएको बताएका छन् । घरदैलोमा डीनाले महिला सवालका विशेष र मकवानपुरको समग्र विकासको क्षेत्रमा आफ्नो संकल्प रहेको बताएकी छिन् ।

त्यसैगरी उपाध्याय र पराजुली घरदैलोमा पुग्दा मतदाता उत्साहीहुँदै दुवै जनालाई मत दिने बताएका थिए । हेटौंडा-७ की कृष्णदेवी बर्तौलाले खुलेरै धेरै पटक कम्युनिष्टलाई भोट दिएर जिताएको तर, फर्केर नआएको गुनासो गर्दै यस पटक संघमा डीनालाई र प्रदेशमा आनन्दरामलाई मतदान गर्ने सुनाइन् । उनले घर दैलोका क्रममा डीना र पराजुलीलाई चुनाव जितेर नहराउन, निरन्तर जनताको घरदैलोमा आउन र जनताको सुखदुःखमा साथै रहन अनुरोध गरिन् ।

हेटौंडा-४ का ९८ बर्षीय एक ज्येष्ठ नागरिकले यस पटक डीना र आनन्दरामलाई जिताउन अनुरोध गरे । मतदाताको उत्साहको कदर गर्दै पराजुलीले बोलेको कुरा पूरा गर्न पछि नहट्ने भन्दै मतदातालाई ढुक्क हुन भने । डीना पद्मकन्या क्याम्पसकी स्ववियु सभापतिहुँदै संविधानसभा सदस्य समेत रहेर संविधान जारी गर्न उल्लेख्य भूमिका निर्वाह गरेकी थिइन् । अघिल्लो स्थानीय निर्वाचनमा हेटौंडाको मेयर पदमा झिनो मतले पराजित पराजुली त्यसयता निरन्तर जनताको सुखदुःमा साथै रहेका छन् ।

# बिप्लव नेतृत्व नेकपाद्वारा मकवानपुरमा निर्वाचन बिरोधी अभियान सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मकवानपुरमा निर्वाचन विरोधी अभियान सुरु गरेको छ ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको बिरोध गर्दै विप्लव नेतृत्वको नेकपाले सोमबारबाट भित्ते लेखन सुरु गरेको हो । पार्टीको कात्तिक १८ गते बसेको नेकपा मकवानपुरको दोश्रो पूर्ण बैठकले गरेको निर्णयबमोजिम नेकपाले मकवानपुरमा आसन्न चुनाव खारेज अभियान सन्चालन गरेको छ । पार्टीले जिल्लाका सबै स्थानीय तहमा संसदीय व्यवस्था र यसका पुजारी दलहरु तथा दलका नेताहरुको गलत, जनविरोधी एवम देशद्रोही कदमको भण्डाफोर गर्दै जनतामाझ छुट्टाछुट्टै अभियान संचालन गरेको जनाएको छ । अभियानको क्रममा टोलिले जिल्लाको दशवटै पालिकामा भित्ते लेखन गरिरहेको छ । भित्तेलेखनमा 'मंसिर ४ को कथित संसदीय चुनाव खारेज गरौं, नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद, एकिकृत जनक्रान्ति-जिन्दावाद, विश्वका श्रमिकहरु-एकजुट होऔं, वैज्ञानिक समाजवाद जिन्दावादलगायतका नाराहरु लेखिएको छ ।

नेकपाका जिल्ला सदस्य एवम् कार्यालय सचिव सूर्य सीले सबै क्षेत्रमा पर्चा वितरण गर्नुका साथै मसाल जुलुसको पनि तयारी भइरहेको जानकारी दिए । संसदीय व्यवस्थाको खर्चिलो र दबाबपूर्ण चुनावले देश र जनताको विकास नगर्ने भन्दै उनले निर्वाचनले देशको समस्या समाधान नभई अझ थप जटिल समस्याहरु निम्त्याउने बताए । पार्टी तथा स्वतन्त्र उम्मेदवारको घोषणा पत्रमा उल्लेख गरिएका एजेन्डाहरु त के जनताको आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको समेत ग्यारेन्टी गर्न नसकेको उनले दाबी गरे । त्यसैले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव खारेज गरेको सचिव सीले बताए ।

नेकपाले जिल्लाको सबै पालिकामा चलाएको अभियान अन्तर्गत् पहिलो चरणमा हेटौंडा उपमहानगरपालिका, कैलाश, मनहरी र मकवानपुरगढीमा सुरु भएको जनाएको छ । सचिव सीले महंगी, कालोबजारी, भ्रष्टचारी बढाउनुका साथै जनताको जनजीविका झन् कमजोर बनाउँदै लैजाने भन्दै चुनाव आमजनताको जनजीवन उकास्नेतिर नभई देशको ढुकुटी रित्याउने, शोषित वर्ग झन् शोषित भइरहने र शोषक वर्ग दिनप्रतिदिन मोटाउँदै, फैलिँदै जाने आरोप लगाए ।

# लागूऔषध सहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले अवैध लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीको टोलीले विशेष सूचनाको आधारमा ना. ७ प ९६६३ नम्बरको मोटर साइकललाई सुरक्षा जाँच गर्दा लागूऔषध फेला पारेको थियो । प्रहरीले मोटरसाइकल चालक हेटौंडा १३ पदमपोखरी बस्ने २४ वर्षीय महेश गोलेको साथबाट लागूऔषध डाईजेपाम २ एम्पुल, फेनारगन २ एम्पुल, नोर्फिन २ एम्पुल गरी जम्मा ६ एम्पुल फेला पारेको थियो । उक्त लागूऔषधसहित गोलेलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बागमतीको इतिहास कायम गर्न छिन्तुको अपिल

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ लोकतान्त्रिक-बाम गठबन्धनका तर्फबाट मकवानपुर जिल्ला प्रतिनिधि सभा क्षेत्र नम्बर १ को प्रदेश सभा क का उम्मेदवार प्रेमबहादुर पुलामी छिन्तुले नेपाली राजनीतिमा गर्विलो ईतिहास भएको बागमती गाउँपालिकाको इतिहास कायम गर्न आमनागरिकलाई अपिल गरेका छन् ।

बागमती गाउँपालिका वडा नम्बर ६ र ७ मा आयोजित वडास्तरीय चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै छिन्तुले यस्तो बताएका हुन् । उनले न्याय हराए गोर्खा जानु भन्ने भनाइ स्मरण गर्दै विकास हेर्न मन लागे बागमती गाउँपालिका आउनुपर्ने बताए । उनले पालिकाको विकासमा आफ्नो भूमिका प्रष्टाउदै बागमती गाउँपालिकामा नमूना विकास भएको दावी गरे । प्रदेश सरकार र स्थानीय सरकारले बागमती गाउँपालिकाको मुहार फेरेको बताए । विगतमा व्यवस्था बदल्न गठबन्धन गरेको भन्दै उनले अब अवस्था बदल्न आवश्यक रहेको बताए । पुलामीले जनतासमु गरेको वाचा पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे ।

बागमतीको विकास अझै बाकी रहेको बताउदै पुलामीले स्थानीय जनताको आवश्यकता र मागको आधारमा विकासका योजना ल्याईने बताए । नेकपा माओवादी केन्द्रको बागमती प्रदेश उपाध्यक्ष समेत रहनु भएका उम्मेदवार पुलामीले प्रतिगमन ढाल्नको निम्ति गठबन्धनको आवश्यकता भएको बताए । कार्यक्रममा नेपाली काँग्रेस मकवानपुरका जिल्ला सदस्य डम्बर बहादुर बिकले गठबन्धनका उम्मेदवारहरुलाई जिताउन र प्रतिगमनलाई हराउन आग्रह गरे ।

# सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको मनहरी गाउँपालिका-६ सुनाचुरीमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

सोमबार पूर्व पश्चिम सडकखण्डमा काँकडभिट्टाबाट काठमाडौंतर्फ जाँदै गरेको बा. ५ ख ७९४३ नम्बरको यात्रुबाहक बसले बिपरित दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०३ ००३ प ४९३१ नम्बरको मोटरसाइकललाई ठक्कर दिदा एक जनाको मृत्यु भएको हो । बसको ठक्करले मोटरसाइकल चालक मनहरी ६ नयाँबस्ती बस्ने २९ वर्षीय अविनाश गोलेको घटनास्थलमा नै मृत्यु भएको छ । घटना स्थलमा प्रहरी चौकी सुनाचुरीबाट प्रहरी सहायक निरीक्षक र ईलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षकको कमाण्डमा टोली खटिएको थियो । दुर्घटना भएको मोटरसाइकल, बस र बस चालक हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानी बस्ने ५१ वर्षीयको मदन कुमार गोले प्रहरी चौकी सुनाचुरीको नियन्त्रणमा रहेको छ ।

# मकवानपुरमा पाँच हजार बढीमा डेंगु

हेटौंडा, २१ कात्तिक/ मकवानपुरमा डेंगु संक्रमितको संख्या पाँच हजार ३४५ पुगेको छ ।

सोमबार ३६ जना डेंगु संक्रमितको बिरामी थपिएसँगै संक्रमितको संख्या पाँच हजार ३४५ जना पुगेको हो । मकवानपुरमा साउनदेखि हालसम्म उक्त संख्यामा डेंगु पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जसमा २ हजार ९४५ जना पुरुष र २ हजार ४०० जना महिला गरी पाँच हजार ३४५ जना रहेका छन् । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् । जसअनुसार, हेटौंडा उपमहानगर पालिकामा २ हजार २५६ जना पुरुष र १ हजार ८१८ जना महिला गरी ४ हजार ७४ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ४४६ जना पुरुष र ४०६ जना महिला गरी ८५२ जना, थाहानगर पालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४३ जना पुरुष र २८ जना महिला गरी ७१ जना, भीमफेदी गाउँपालिकामा २२ जना पुरुष र २३ जना महिला गरी ४५ जना रहेका छन् । यसैगरी, बकैया गाउँपालिकामा १६ जना पुरुष र २७ जना पुरुष गरी ४३ जना, राक्सिराङ गाउँपालिकमा १७ जना पुरुष र ५ जना महिला गरी २२ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ३ जना महिला गरी ७, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, हाल ठेगाना नखुलेका १४ जना पुरुष र २९ जना महिला गरी २९, अन्य जिल्लाका १२ जना पुरुष र ४ जना महिला गरी १६ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. कौशल पाण्डे**

जन्मः २००४/०९/१५ स्वर्गारोहणः २०७९/०७/१०

पत्राकार महासंघ मकवानपुरका पुर्व अध्यक्ष, मकवानपुरे पत्रकारीताका अग्रज अभिभावक,शिक्षा,साहित्य तथा समाजसेवामा समेत महत्वपूर्ण योगदान पुराउनु भएका हाम्रा अभिन्न मित्र श्री दिपक खड्का ज्यूका ससुरा र नमुना पाण्डे ज्यूका पुज्यनीय पिता आदरणीय श्री कौशल पाण्डे स्वर्गबास भयको खबरले अत्यन्तै मर्माहित बनाएको छ।दुखको यस घडिमा गहिरो दुख ब्यक्त गर्दै उहाँ प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनी प्रार्थना गर्दछौं।

राजकुमार रसाइली
समिता रसाइली
**नवबुद्ध सुनचाँदी पसल**
हेटौंडा-१०, मकवानपुर

महेन्द्र राउत
भगवती राउत
**न्यू राउत इलेक्ट्रोनिक्स**
हेटौडा मकवानपुर

## बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
**हेटौंडा, मकवानपुर, नेपाल**

## प्रस्ताव आव्हान्को सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०७/२२*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीऊ पूँजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपशिल बमोजिमका कागजातसहित विज्ञ केन्द्रमा आवेदन दर्ता गर्नुहुन आव्हान् गरिन्छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिलः**

१. रु.१०।- को हुलाक टिकट टाँस गरेको आवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र संस्था (कृषक/कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी)को हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक/कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी) को हकमा स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता,
४. संस्थाको हकमा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
६. अनुसूची-३ अनुसारको आवेदन,
७. व्यवसायिक योजना
८. बैक सुरक्षण पत्र (रु. दश लाखभन्दा बढीको परियोजनाको हकमा मात्र)
९. स्थानीय तहको वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र ।

*पुनश्चः 'बीऊपूँजी परिचालन कार्यविधि, २०७९' यस विज्ञ केन्द्रको वेबसाइट http://vhalecmakbagamati.gov.np बाट डाउनलोड गर्न वा सम्पर्क नम्बर ०५७-४१२८२८ मा सम्पर्क गर्न सकिनेछ ।*



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोनः ९८०२९००३१६, ९८०२६३१६६४

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना